## नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय

## सामान लिलामको शिलबन्दी बोलपत्र आह्वानको (सूचना)

(प्रथम पटक प्रकाशित मिति:-२०७८।०८।२८ गते

यस कार्यालयका देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/ कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फारम खरिद गरी १६ औं दिन दिउसो १२:३० बजे भित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) शिलवन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ।

| *लिलाम हुने सामान* | *न्यूनतम मूल्य रु.(मू.अ.कर समेत)* |
|---|---|
| (क) पूँजीगत सामानहरु -लिस्ट अनुसार | ६,७२३।५० |
| (ख) अन्य फुटकर सामानहरु -लिस्ट अनुसार | २,८८,०५३।९५ |
| **जम्मा रु.** | **२,९४,७७७।४५** |
| **अक्षरेपी रु दुई लाख चौरानब्बे हजार सात सय सतहत्तर पैसा पैतालीस मात्र।** | |

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति:

(क) स्थान: **नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय।**

(ख) समय: **दिउँसो २:०० बजे।**

(ग) मिति: **२०७८/०९/१४ गते बुधबार।**

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव नं. **२१०९९९९-०११-००२-५२४** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ।

(३) माथि तालिकामा रहेका शिर्षक (क) र (ख) का लागि एउटै बोलपत्र पेश गर्नु पर्नेछ। लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिन भित्र सम्झौता गर्नु पर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ।

(४) पूँजीगत र अन्य फुटकर सामानको बोलपत्र फारम रु.५००।०० (फिर्ता नहुने गरी) बुझाई कार्यालयको आ.प्र. (स्टोर फाँट) बाट खरिद गर्न सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समयभित्र विहान १०:०० बजे देखि दिनको ३:०० बजेसम्म यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। समानहरुको लिस्ट यस बैंकको सूचना पाटीमा टाँस गरिएको छ।

(६) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र नविकरण गरिएको,स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रतिलिपी पेश गर्नु पर्नेछ।

(७) अन्य कुरा बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ।

(८) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिने छ।

निर्देशक<br>
नेपाल राष्ट्र बैंक,<br>
नेपालगञ्ज कार्यालय